प्रदेश सरकार

सुदूरपश्चिम प्रदेश

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

# उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

धनगढी, कैलाली

## नव उद्यम (स्टार्टअप) व्यवसायको स्थापना तथा प्रवर्द्धनका लागि अनुदान सहायता (गैर वित्तीय व्यवसाय पूँजीगत सहायता) सम्बन्धी प्रस्ताव आव्हानको सूचना

**प्रथम पटक सूचना प्रकाशित मितिः २०७९/२/१८**

यस निर्देशनालयको आ.व. २०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार सुदूरपश्चिम प्रदेशभित्र नव उद्यम (स्टार्टअप) व्यवसायको स्थापना तथा प्रवर्द्धनका लागि पूँजिगत अनुदान सहायताका लागि सिलबन्दी प्रस्ताव माग गर्नुपर्ने भएकोले यो सूचना प्रकाशन हुनुपूर्व प्रचलित कानून बमोजिम दर्ता भई सञ्चालन भएका वा सञ्चालनको क्रममा रहेका सुदूरपश्चिम प्रदेशको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट जारी भएको "प्रदेश उद्योग वाणिज्य तथा उपभोक्ता हित सम्बन्धी वार्षिक कार्यक्रम सञ्चालन तथा कार्यान्वयन कार्यविधि २०७८/०७९" बमोजिम योग्यता पुगेका सूचना प्रविधि, कृषि, पशुपंक्षी, उर्जा, स्वास्थ्य सेवा, पर्यटन, प्रविधि विकास, उत्पादन जस्ता नवप्रवर्तनीय ज्ञान, सीप र क्षमताबाट उल्लिखित विषयसँग सम्बन्धित कुनै वस्तु वा सेवाको आविष्कार, उत्पादन वा व्यवसाय गर्नको लागि आवश्यक लगानी योग्य पूँजी जुटाउन नसकेका लघु, घरेलु, साना उद्यमी वा व्यवसायीहरुले आवश्यक विवरण तथा कागजातहरु संलग्न राखी यस निर्देशनालयमा यो सूचना प्रकाशन भएको मितिले २१ (एक्काईस) दिनभित्र कार्यालय समयभित्र सिलबन्दी प्रस्ताव पेश गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । प्रस्तावकले पेश गर्नुपर्ने विवरण तथा फारामको ढाँचा निर्देशनालयबाट प्राप्त गरी वा निर्देशनालयको वेवसाइट https://diccw.sudurpashchim.gov.np/ बाट डाउनलोड गरी प्रस्ताव तयार गरी पेश गर्न हुन यो सूचना प्रकाशन गरिएको छ । विस्तृत जानकारीका लागि यस निर्देशनालय (०९१-५२०५१३) वा जिल्ला स्थित घरेलु तथा साना उद्योग कार्यालयहरुमा सम्पर्क गर्न सकिनेछ ।

| कार्यक्रमका बारेमा जानकारीका लागि जिल्लास्थित घरेलु तथा साना उद्योग कार्यालयहरुको सम्पर्क नं. | नोटः |
|---|---|
| घरेलु तथा साना उद्योग कार्यालय अछाम: ०९७-६२०१०९ | • प्रस्ताव मुल्याङ्कनपश्चात उच्चतम अङ्क प्राप्त गर्ने ३ उद्योगहरुलाई पूँजिगत अनुदान प्रवाह गरिने छ । प्रस्तावकले कार्यविधि बमोजिम अनिवार्य रुपमा लागत साझेदारी गर्नुपर्नेछ। प्रस्तावकले प्रस्तावसाथ घरेलु तथा साना उद्योग कार्यालयमा उद्योग दर्ता भएको प्रमाणपत्र अनिवार्य रुपमा पेश गर्नुपर्नेछ । |
| घरेलु तथा साना उद्योग कार्यालय कंचनपुर: ०९९-५२१३०७ | • "नव उद्यम" भन्नाले नयाँ प्रविधिको माध्यमबाट कम समय, कम लागत तथा कम श्रोतको महत्तम उपयोग गरी उच्च गुणस्तरको आविस्कार तथा प्रणालीको विकास गर्ने स्व:उद्यमजन्य कार्य सम्झनु पर्छ । यो शब्दले सुदूरपश्चिम प्रदेशमा उल्लेखनिय रुपमा सञ्चालनमा रहेका भन्दा फरक अनुकरणीय खालका स्टार्टअप उद्योग व्यवसायहरुलाई समेत जनाउनेछ । |
| घरेलु तथा साना उद्योग कार्यालय कैलाली: ०९१-५२१३०६ | |
| घरेलु तथा साना उद्योग कार्यालय डडेल्धुरा: ०९६-४१०१६४ | |
| घरेलु तथा साना उद्योग कार्यालय डोटी: ०९४-४४०११४ | |
| घरेलु तथा साना उद्योग कार्यालय दार्चुला: ०९३-४२०१२१ | |
| घरेलु तथा साना उद्योग कार्यालय बझाङ: ०९२-४२१०४९ | |
| घरेलु तथा साना उद्योग कार्यालय बाजुरा: ०९७-५४१०४१ | |
| घरेलु तथा साना उद्योग कार्यालय बैतडी: ०९५-५२०१७२ | |

**प्रस्तावदाताले पेश गर्नुपर्ने कागजातहरुः**

१. नागरिकताको प्रमाणपत्र, उद्योग दर्ताको प्रमाण पत्र, नवीकरण, स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र र गत आर्थिक वर्षको कर तिरेको सक्कल निस्सा वा कर चुक्ता प्रमाणपत्र सबै कागजातहरुमा प्रस्तावक स्वयंले सहीछाप गरी प्रमाणित गरेको प्रतिलिपि ।

२. उद्योग सञ्चालन गर्न अनुमति प्राप्त सहकारीको हकमा उद्योग दर्ताको प्रमाण पत्र, नवीकरण, स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, लेखा परिक्षण प्रतिवेदन, कर चुक्ता प्रमाणपत्र, जिम्मेवारी दिई खटाएको अख्तियारी पत्र, विधान सबै कागजातमा सहीछाप गरी प्रमाणित प्रतिलिपि ।

३. उद्योग सञ्चालनमा रहेको भवन वा जग्गाको स्वामित्व आफ्नै भएमा जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि, एकाघरको परिवारको सदस्यको भएमा भवन वा जग्गाधनी र उद्यमी बीचको नाता खुल्ने गरी निवेदन साथ दुवैको नागरिकताको प्रतिलिपि र भाडामा लिएको भएमा कम्तिमा पाँच वर्ष सम्झौता अवधि रहेको सम्झौतापत्रको प्रतिलिपि साथै जग्गाधनीको नागरिकताको प्रमाणपत्र र जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि ।

४. नव उद्यम (स्टार्टअप व्यवसाय) को अनुदान सहायताको लागि तोकेको ढाचामा व्यवसायिक योजना र अवधारणा सहितको प्रस्तावना पत्र ।

५. तोके बमोजिमको लगानी गर्ने प्रतिवद्धता पत्र ।

६. (सहकारी संस्थाको हकमा बैठकबाट निर्णय भएको हुनुपर्ने)

७. उद्योग कालोसूचिमा नपरेको स्वघोषणा पत्र ।

८. उद्योगको बैङ्क स्टेटमेण्ट(लागत साझेदारी गर्न चाहेको रकम मौज्दात देखिने गरी) ।

९. उद्योग रहेको सम्बन्धित स्थानिय तहको सिफारिस ।

१०. उद्योगको लागि यस आ.व. मा यसअघि सरकारी तथा गैरसरकारी निकायबाट अन्य कुनै पनि किसिमको अनुदान सहयोग नलिएको स्वघोषणा पत्र ।

११. प्रस्तावित जनशक्तिको शैक्षिक योग्यता एवं उद्योगसंग सम्बन्धित कुनै तालिम वा अनुभव लिएको भएमा सोको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।